
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १४६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ २६ गते शुक्रबार ❑ 9 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गण्डकी प्रदेशको नीति तथा कार्यक्रम पारित

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ

गण्डकी प्रदेश सरकारले ल्याएको आउँदो आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रदेशसभाको बहुमतले पारित भएको छ।

प्रदेशसभाको बिहीबारको बैठकमा सभामुख कृष्णप्रसाद धितालले निर्णयार्थ प्रस्तुत गरेपछि प्रदेशसभाको बहुमत सङ्ख्याले नीति तथा कार्यक्रम पारित गरेको हो।



प्रदेश प्रमुख पृथ्वीमान गुरुङले यही जेठ २१ गते प्रदेशसभासमक्ष पेस गर्नुभएको सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि तीन दिनसम्म छलफल गरिएको थियो। नीति तथा कार्यक्रम पारित हुनुअघि छलफलका क्रममा प्रदेशसभा सदस्यहरूबाट उठेका प्रश्नको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जवाफ दिनुभएको थियो। सो क्रममा उहाँले गण्डकी प्रदेशलाई आत्मनिर्भर र समन्नुत बनाउने अभियानमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरूबीच सहकार्य हुने विश्वास व्यक्त गर्नुभयो।

प्रदेशको प्रथम पञ्चवर्षीय योजनालाई आधार मानेर नीति तथा कार्यक्रम ल्याएको उहाँले बताउनुभयो। मुख्यमन्त्री पाण्डेले अघिल्ला सरकारले ल्याएका राम्रा कार्यक्रमलाई निरन्तरता दिइने प्रतिबद्धतासमेत जनाउनुभयो। उहाँले वर्तमान सरकारका लक्ष्य र प्राथमिकता स्पष्टरूपमा नीति तथा कार्यक्रममा झल्केको बताउनुभयो। नीति तथा कार्यक्रममाथिको छलफलका क्रममा सत्तापक्षका सदस्यहरूले सरकारको नीति तथा कार्यक्रम उत्कृष्ट रहेको धारणा राख्नुभयो। उहाँहरुले नीति तथा कार्यक्रमले समन्नुत गण्डकी प्रदेशको खाका कोरेको बताउनुभएको थियो।

विपक्षी दलका सदस्यहरूले नीति तथा कार्यक्रम महत्वकाङ्क्षी रहेको भन्दै कार्यान्वयन हुनेमा आशङ्का व्यक्त गर्नुभएको थियो। स्रोत पहिचान नगरी अमूर्त ढङ्गले नीति तथा कार्यक्रम ल्याइएको उहाँहरूको टिप्पणी थियो। नीति तथा कार्यक्रममाथिको छलफलमा ५० जना प्रदेशसभा सदस्यले भाग लिनुभएको थियो। शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई प्राथमिकता दिइएको नीति तथा कार्यक्रममा गाँजा खेतीदेखि सुरुङमार्गको सम्भाव्यता अध्ययनसम्मका लक्ष्य समेटिएको छ। 'समृद्ध गण्डकी'को लक्ष्य प्राप्तिका लागि पर्यटन, ऊर्जा, कृषि, उद्योग, भौतिक पूर्वाधार, मानव संशाधन र सुशासनलाई जोड दिइएको छ।

सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सङ्घीयतालाई सुदृढीकरण गरी संस्थागत गर्न नीति तथा कार्यक्रम सहयोगी सिद्ध हुने सरकारले जनाएको छ। नीति तथा कार्यक्रम पारित भएसँगै सरकार बजेट निर्माणको अन्तिम तयारीमा जुटेको छ। संवैधानिक व्यवस्थाअनुसार आउँदो असार १ गते प्रदेश सरकारको बजेट सार्वजनिक हुनेछ।

## पोखरामा 'ड्रागन बोट रेस फेस्टिभल' हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ

पोखरामा 'ड्रागन बोट रेस फेस्टिभल' हुने भएको छ। फेवाताल किनार क्याम्पिङ चोकमा उक्त फेस्टिभल नेपाल पर्यटन बोर्ड, नेपाल स्थित चिनियाँ दूतावास र पोखरा महानगरपालिकाको संयुक्त आयोजनामा हुने भएको हो।

आउदो असार महिनाको ८ र ९ गते पोखरामा हुने उक्त फेस्टिभलमा सहभागि हुन चाइनाबाट ३ सय जना चिनिया पोखरा आउने भएको पोखरा पर्यटन परिषदका अध्यक्ष पोमनारायण श्रेष्ठले बताए।

पोखरा पर्यटन परिषद् र चाइनिज ओभरसिज एशोसियसन पोखरा सो फेस्टिभलको सहयोगी संस्थाका रुपमा रहेका छन्। पोखरामा संचालन हुने उक्त फेष्टिभलमा सहभागि हुन करिब ६० जना खेलाडी सहितको टोली २ वटा चार्टर विमानमा सिधै पोखरा आउने भएको अध्यक्ष श्रेष्ठले जनाए। पोखरामा कोरोना पछि चिनिया पर्यटक घटेको सन्दर्भमा उक्त कार्यक्क्रमले नेपाल र पोखरामा चिनिया पर्यटक आगमनमा बृद्धि हुने आफुहरुले विश्वास लिएको अध्यक्ष श्रेष्ठले बताए। फेस्टिभलमा हुने डुङ्गा दौडका लागि चीनबाट आठ वटा विशेष खालका डुङ्गा पोखरा ल्याएर परीक्षण सुरु गरिएको नाट्टा क्षेत्रिय संघ गण्डकी प्रदेश अध्यक्ष संजय सिग्देलले बताए। चिनियाँ चार र नेपाली चार गरी आठ टोलीबीच डुङ्गा दौड प्रतियोगिता हुने भएको छ भने दौड पाँच सय र एक हजार मिटरको हुनेछ। सो फेस्टिभलमा चीनबाट विशिष्ट पाहुनाहरुको सहभागिता रहने बताइन्छ। फेस्टिभलमा नेपाली, चिनियाँ खाना, चिनियाँ सांस्कृतिक कार्यक्रम फेस्टिभलको आकर्षण रहने अध्यक्ष श्रेष्ठले बताए।

गत पुस १७ गते उद्घाटन गरिएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा हालसम्म अन्तराष्ट्रिय हवाई फ्लाइट नभएको हुदा यदि चिनीया विमान आउनु नै पोखराको लागि ठुलो उपलब्धि हुने भएको उनले जनाए। उक्त कार्यक्रमका लागि दुई वटा चार्टड विमान चीनबाट पोखरा आउने तयारी छ। फेस्टिभलका लागि दुई करोड ५० लाख खर्च लाग्ने अनुमान गरिएको अध्यक्ष श्रेष्ठले जनाए। यसैबिच पोखरा अन्तराष्ट्रिय विमानस्थलका प्रमुख बिक्रम गौतमले चाइनबाट दुई वटा चार्टर विमान पोखरा आउने बिषयमा छलफल भई रहेको बताए। पोखरामा थ्रि वान नाइन १ सय ५० सिटे विमान पोखरा आउने बिषयमा छलफल भएको उनले बताए।

## नर्सहरुको मनोबल उच्च बनाउन पोखरामा क्षमता अभिवृद्धि कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ

पोखराका नर्सहरुको मनोवल उच्च बनाउन अन्तरक्रिया तथा क्षमता अभिवृद्धि कार्यक्रम गरिएको छ।

नेपाल युथ नर्स सोसाइटीको आयोजनामा बिहीबार पोखराका विभिन्न नर्सिङ कलेज तथा अस्पतालका नर्ससँग अन्तरक्रिया र क्षमता अभिवृद्धि कार्यक्रम गरिएको हो। कार्यक्रममा सहभागिले नर्सहरुको समस्याका विषयमा बोलेका थिए। अस्पतालमा नर्स र बिरामीको अनुपात नमिल्दा समस्या भएको, आफ्नो जिम्मेवारी अनुसारको पारिश्रमिक नभएको, सरकारले नर्सका विषयमा चासो नदिएको जस्ता कुराहरु सहभागिले बताएका थिए। अस्पताल प्रशासन र राज्यले नर्सिङ क्षेत्रमा देखाउनु पर्ने चासो नदेखाएको सहभागिहरुको भनाई थियो। राज्यले तदारुकताका साथ नर्सिङ क्षेत्रमा समस्याको पहिचान गरि अनुगमन र उचित नीति नियम कार्यान्वयन गरिदिन उनिहरुको माग छ। पछिल्लो समय सामाजिक सञ्जालमा नर्सहरुको पेशा प्रति गलत टिप्पणी आइरहेको हुँदा उनीहरुको मनोवललाई गिर्न नदिन कार्यक्रमको आयोजना गरिएको कार्यक्रम संयोजक सरस्वती पुरीले बताइन्। नर्सहरुको समस्या बुझ्न र उनीहरुको मनोवल उच्च राख्न क्षमता अभिवृद्धि कार्यक्रम आयोजना गरिएको संयोजक पुरीको भनाई छ। नर्सहरुको समस्याका बारेमा राज्यले नखोज्दा र नबोल्दा समस्या झनै बढ्दै गएको उनले बताईन्। कार्यक्रमले अहिले नर्सका समस्या के के छन् थाहा पाउन सहज भएको कार्यक्रमकी सहसंयोजक सरस्वती श्रेष्ठले बताइन्। समस्या मात्र खोजेर नहुने यसको उचित समाधान तर्फ सबैजना लाग्नुपर्ने श्रेष्ठको भनाई थियो। पोखराका विभिन्न नर्सिङ क्याम्पस र अस्पतालका ५० जनाको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन विवेक रानाभाटले गरेका थिए। पछिल्लो समय सामाजिक सञ्जालमा नर्सिङका विषयमा नकरात्मक टिप्पणीहरु बाहिरिएको थियो।

## देशभरका कवि, साहित्यकार दमौलीमा

**पोखरापत्र संवाददाता**
तनहुँ, २५ जेठ

'भाषा साहित्य र संस्कृतिको उत्थान, साहित्यिक जागरण हाम्रो अभियान' भन्ने मूल नाराका साथ तनहुँको सदरमुकाम दमौलीमा राष्ट्रिय साहित्य सम्मेलनको आयोजना गरिएको छ।

यही जेठ २६ र २७ गते हुने सम्मेलनमा सात वटै प्रदेशका कवि तथा साहित्यकारको जमघट हुने गण्डकी वाङ्मय प्रतिष्ठान तनहुँले जनाएको छ। महर्षि वेदव्यासको अवतरण भूमि, भानुभक्तको साधना भूमि र सेतीमादीको सङ्गमस्थल दमौलीलाई उजागर गर्ने हेतुले सम्मेलनको आयोजना गरिएको प्रतिष्ठानका अध्यक्ष सागर उदासले जानकारी दिनुभयो। भाषा र साहित्यका माध्यमबाट यस क्षेत्रमा रहेका धार्मिक, सांस्कृतिक र ऐतिहासिकस्थलको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धनमा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## वडा ५ मा योजना तथा बजेट निर्माणमा युवाहरुको सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ




पोखरा महानगरपालिका वडा नं. ५ ले वडाको योजना तथा बजेट निर्माणमा युवाहरुको दृष्टिकोण बुझ्दै सुझाव लिएको छ।

बुधबार वडाले 'योजना छनोट तथा बजेट निर्माणमा युवाहरुको दृष्टिकोण' कार्यक्रम आयोजना गरि युवाहरुको सुझाव लिएको हो।

वडा ५ का वडाअध्यक्ष विष्णु प्रसाद बरालले विकास निर्माणका प्रत्येक काममा युवाहरु आउनु आवश्यक रहेको बताए। विदेश पलायन रोक्न युवाहरुलाई सिपमुलक कामहरु सिकाएर नेपालमै रोजगारको वातावरण सिर्जना गर्नुपर्ने उनको भनाई थियो।

समग्र वडाको विकासका लागि युवाकै आवश्यकता रहने र युवाको धारणा तथा दृष्टिकोण कस्तो रहेको बुझ्न कार्यक्रमको आयोजना गरिएको वडाअध्यक्ष बरालले बताए। पोखराको ३३ वटा वडा मध्ये यस्तो योजना तथा बजेटमा युवाहरुको दृष्टिकोण बुझ्न खोजिएको वडा ५ पहिलो रहेको उनले दावी गरे। सहभागि युवाहरुले समग्र वडाको विकासका लागि आआफ्नो सुझाव प्रस्तुत गरेका थिए। जसमा सडक दुर्घटना न्यूनीकरण, सिसि क्यामेरा जडान, आइटीको पहुँच, बैदेशिक रोजगारलाई न्यूनीकरण, कृषि क्षेत्रमा गर्नुपर्ने भावि योजना, खेलकुदका विभिन्न सुझाव, पर्यटनको आकर्षक गन्तव्यको पहिचान लगाएतका विषयलाई युवाहरुले महत्व दिएका थिए। वडाले योजना तथा बजेटसँग सम्वन्धित रहेर सरोकारवालाहरुसँग छुट्टाछुट्टै छलफल तथा सुझाव संकलन गरिरहेको छ। कार्यक्रममा स्वागत मन्तव्य वडासदस्य हरिमाया विकले गरेकी थिइन् भने सञ्चालन वडासदस्य कल्पना भुवाजी क्षेत्रीले गरेकी थिइन्।

## १३ नं. वडाका संस्थागत विद्यालयले बुझाए छात्रावृत्ति विवरण

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ



पोखरा महानगरपालिका १३ नं. वडाभित्र सञ्चालित संस्थागत विद्यालयका सञ्चालक तथा प्रधानाध्यापकसँग विहीबार वडा कार्यालयले छात्रावृत्ति विषयमा अन्तरक्रिया सम्पन्न गरेको छ।

संस्थागत विद्यालयले विगतमा विद्यार्थीहरूलाई उपलब्ध गराउँदै आएका मिहिनेती र जेहेन्दार छात्रावृत्तिको विवरण बुझाउँदै भविष्यमा पनि निरन्तरता दिने प्रतिवद्धता संस्थागत विद्यालय सञ्चालक तथा प्रधानाध्यापकले गरेका छन्। वडा अध्यक्ष किरण बरालले १३ नम्बर वडाभित्र शिक्षा क्षेत्रमा लगानी गरेर योगदान दिई शैक्षिकस्तर माथि उकास्न मद्धत गर्दै छात्रावृत्ति विवरण पारदर्शी गरेकोमा संस्थागत विद्यालय सञ्चालकलाई धन्यवाद ज्ञापन गरेका थिए। बरालले वडाभित्रका विपन्न समुदायका विद्यार्थीलाई निरन्तर छात्रावृत्रि उपलब्ध गराइदिन पनि अनुरोध गरे। उनले निवर्तमान वडा अध्यक्ष दर्शन लामालाई मार्गदर्शन, सल्लाह र प्रेरणाका लागि स्मरण गर्दै भौतिका पूर्वाधारसँगै शिक्षा क्षेत्रको विकास पनि आवश्यक रहेको बताए। छात्रावृत्ति उपलब्ध गराउने बालकल्याण हाइ स्कलु, अक्सफोर्ड स्कुल, इडेन्स एकेडेमी, ताराकुञ्ज सेकेन्डरी स्कुल र चिल्ड्रेन एकेडेमीले १० प्रतिशत छात्रावृत्तिको विवरण वडा कार्यालयमा पेश गरेका थिए।

अन्तरक्रिया कार्यक्रममा सामुदायिक र निजी विद्यालयबिच आपसमा सहकार्य गरी अगाडि बढ्ने सहमति पनि भएको छ। वडामा रहेका सामुदायिक विद्यालयका गरिब तथा जेहेन्दार २ सय ६५ विद्यार्थीलाई शैक्षिक सामग्री वितरण गरेको जानकारी वडा सदस्य सुचित तामाङले जानकारी दिइन।


सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सुस्ताएको सहस्राब्दी पदमार्गको पुन:प्रवर्द्धन तथा बजारीकरण गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ

कोरोनालगायतका कारण सुस्ताएको सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक) को पुनःप्रवर्द्धन एवं बजारीकरण गरिने भएको छ । मिलेनियम ट्रेक व्यवस्थापन समितिको आयोजना एवं नेपाल पर्यटन बोर्डको सहआयोजनामा एवं प्रवर्द्धनमा उक्त पदमार्गको पुनःबजारीकरण गर्न लागिएको हो । पदयात्रा पर्यटनमा गति लिँदै गरेको अवस्थामा विश्वव्यापी फैलिएको कोरोना भाइरसको महामारीले यस पदमार्ग क्षेत्र प्रभावित बनेसँगै यसको पुनःप्रवर्द्धन एवं बजारीकरण अपरिहार्य भएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले बताउनुभयो ।

"कोरोना महामारीपछि यस क्षेत्रको पदयात्रा सुस्ताएको छ", उहाँले भन्नुभयो, "सुस्ताएको पदयात्रा पर्यटनलाई पुनःजागरण गराउने उद्देश्यका साथ यही जेठ २६ गतेदेखि ३१ गतेसम्म यस क्षेत्रमा प्रवर्द्धनात्मक कार्यक्रमलाई अघि बढाएका छौँ ।"

विसं २०५६ देखि सञ्चालनमा आएको मिलेनियम ट्रेकको पहिलो नक्साङ्कन २०६४/६५ मा गरिएको थियो । समुद्री सतहबाट चार सय २० मिटरदेखि एक हजार सात सय १५ मिटर उचाइसम्मको यो पदयात्रा मार्ग उच्च पहाडी स्थानमा जान नसक्ने तर पदयात्राको इच्छा राख्नेका लागि उपयुक्त मानिन्छ । तनहुँको दुलेगौँडादेखि स्याङ्जाको रामबाछा जोडिने यो पदमार्ग ७२ किमी लम्बाइको छ । प्रवर्द्धनात्मक कार्यक्रममा नेपाल पर्यटन बोर्डका प्रतिनिधि, पर्यटन व्यवसायी एवं यस पदमार्ग क्षेत्रका सरोकारावालासहित २५ जना सहभागिता रहने उहाँले जानकारी दिनुभयो ।

कार्यक्रमअन्तर्गत जेठ २६ गते तनहुँको दुलेगौँडाबाट सुरु हुने पदयात्रा जेठ ३१ गते स्याङ्जाको रामबाछामा पुगी सम्पन्न हुनेछ । पदयात्राका क्रममा पदमार्ग क्षेत्रका ऐतिहासिक ढोर मुलकोट दरबार, रजस्थल, घरेडी, मिलेनियम गुफा, काल्खु, राइपुर, कोल्मा, भैसेगौँडा, चन्द्रकोट, गैरीस्वाँहारा, बानेथोक, भञ्ज्याङ, देउपुजे ढुङ्गा, सिंगारकोट, बुढाकोट, राम्चे, गहते मनकामना, सुन्तलाबारी आदि स्थानमा पुग्ने कार्यक्रम तय भएको महासचिव गुरुङले जानकारी दिनुभयो । उक्त अवसरमा त्यहाँका प्रकृति र संस्कृतिका विविधता, अत्यावश्यकीय पूर्वाधारबारे पनि स्थानीयबाट जानकारी लिइने उहाँले बताउनुभयो । पदयात्रासँगै यहाँबाट देखिने मनोरम हिमाली तथा पहाडी दृश्य, ऐतिहासिक पहिचानलाई समेट्न सकेमात्रै पनि यस गन्तव्यलाई विश्व पर्यटन बजारसँग जोड्न सकिने समिति सदस्य एवं मिलेनियम भैसेगौँडा सामुदायिक होमस्टेका अध्यक्ष बालकुमार गुरुङ बताउनुहुन्छ । कोरोना महामारीअघिसम्म पदमार्ग क्षेत्रमा सञ्चालित होमस्टेमा पर्यटक आउनेक्रम बढे पनि त्यसयता पर्यटकको आगमन कमी भएको उहाँले बताउनुभयो । पछिल्लो समयमा देशव्यापी बढ्दै गएको आर्थिक मन्दीको प्रभावले पनि पर्यटन क्षेत्रमा असर पारेको उहाँको भनाइ छ ।

समितिले पदमार्ग क्षेत्रका ऐतिहासिकस्थलको संरक्षणसँगै तिनीहरूको प्रवर्द्धनमा पनि जोड दिदै आएको छ । समितिले पदमार्ग क्षेत्रको झन्डै तीन सय वर्ष पुरानो ढोर मूलकोट दरबारसहित त्यहाँका गढी, शक्तिपीठ, देउती बज्यैको थान, टक्सार घर आदिको भग्नावशेष समेतलाई संरक्षण गर्ने लक्ष्य राखेको छ । दरबार क्षेत्रलाई तारबार गरिसकिएको महसचिव गुरुङले जानकारी दिनुभयो । समितिकै पहलमा चन्द्रकोटस्थित सतौँ राजाको 'समरप्यालेस'को संरक्षणस्वरुप तारबार गरिसकिएको छ । चन्द्रकोट दरबार नेपालका बाइसेचौबीसे राजाको पालाका सतौँका राजाको हिउँदे दरबारका रुपमा चिनिन्छ ।

# टेबुलटेनिसको छनोट प्रतियोगिता सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ



प्रदेश खेलकुद परिषद्, गण्डकीको आयोजना तथा कास्की जिल्ला टेबुलटेनिस संघको व्यवस्थापनमा गण्डकी प्रदेश स्तरिय टेबुलटेनिस प्रतियोगिताको लागि कास्की जिल्लाबाट खेलाडिको छनोट प्रतियोगिता विहिबार पोखरामा सम्पन्न भएको छ ।

पोखरा रंगशालाको टेबुलटेनिस कभर्ड हलमा भएको छनोट प्रतियोगितामा पुरुष तर्फ किसन जिसी, रुपराज गुरुङ, अनुष कुँवर र दिपकराज गिरी तथा महिला तर्फ मुना थापा, तृषा गुरुङ, सक्रिया पोखरेल र प्रजिता मुडभरी छनोट भएका छन् ।

विहिबार छनोट भएका खेलाडिहरु यहि जेठ ३० र ३१ गते हुन गइरहेको गण्डकी प्रदेश स्तरिय टेबुलटेनिस च्याम्पियनसिप प्रतियोगितामा कास्की जिल्लाको प्रतिनिधित्व गर्दै सहभागी हुने कास्की जिल्ला टेबुलटेनिस संघका अध्यक्ष उत्तम जोशीले वताए ।

उक्त छनोट प्रतियोगितामा कास्की जिल्लाका २४ पुरुष र १२ महिला खेलाडीहरुको सहभागिता रहेको टेबुलटेनिसका प्राविधिक समितिका सदस्य रजन सुब्बाले वताए ।

# गण्डकी प्रदेशस्तरिय पुरुष बास्केटबल प्रतियोगिता सुरू

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ



पोखरामा गण्डकी प्रदेशस्तरिय पुरुष बास्केटबल प्रतियोगिता सुरू भएको छ ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा कास्की जिल्ला बास्केटबल संघको व्यवस्थापनमा उक्त प्रतियोगिता सुरू भएको हो । लिग कम नकआउटका आधारमा सञ्चालन हुने प्रतियोगिताको पहिलो दिन तिन प्रतियोगिता हरु सम्पन्न भएको कास्की बास्केबल संघका कार्यसमिति सदस्य विष्णु गुरुङले जानकारी दिएका छन् ।

यस अघि बिहिबार भएको उद्घाटन खेलमा लम्जुङले गोर्खालाई पराजित गरेको छ । लम्जुङले गोर्खालाई ५६-१५ को स्कोरले पराजित गरेको हो । त्यस्तै पहिलो चरणको खेलमा पर्वतले तनहुँलाई ६८-४३ ले पराजित गर्दा म्याग्दीले स्याङजालाई ७३-३० को स्कोरले पाखा लगाएको छ । प्रतियोगितामा कास्की, तनहुँ, गोर्खा, लम्जुङ, पर्वत, स्याङजा, म्याग्दी गरी ७ जिल्लाको सहभागिता रहेको छ । अन्तिम समयमा बागलुङले सहभागिता नजनाउँदा बिहिबारको खेलमा कास्कीले वाक ओभर पाएर बिजेता बनेको छ ।

प्रतियोगिताको उद्घाटन गण्डकी प्रदेशका पूर्व यूवा तथा खेलकुद मन्त्री एवं गण्डकी प्रदेशका सांसद राजिव गुरुङले एक समारोहका विच गरेका थिए । प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष एवं कास्की बास्केटबल संघका अध्यक्ष धोज कुमार गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेश खेलकुद परिषदका सदस्य सचिव श्रीधर शर्माले दशौं राष्ट्रिय प्रतियोगिताका लागि यस प्रकारका प्रतियोगिताहरुले सहयोग गर्ने बताउँदै यूवा खेलाडी उत्पादनमा समेत प्रभावकारी हुने उल्लेख गरे । कार्यक्रममा संघका कृष्ण गुरुङले समेत आफ्ना भनाई राखेका थिए । यहि जेठ २७ गते सम्म सञ्चालन हुने प्रतियोगितामा उपाधि विजेता टिमले नगद ६० हजार र उपविजेताले नगद ४० हजारका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । त्यसै गरी दुई सेमीफाइनष्टि टिमले जनही नगद १०-१० हजार प्राप्त गर्नेछन् ।

शुक्रबारको खेलमा पर्वत र स्याङजा, म्याग्दी र तनहुँ, कास्की र गोर्खा भिड्नेछन् ।

# देशभरका...

थप टेवा पुग्ने विश्वास गरिएको उहाँले बताउनुभयो । उक्त कार्यक्रममा राष्ट्रिय कविता प्रतियोगिता, सम्मान तथा पुरस्कार वितरण र स्मारिका लोकार्पण गर्ने कार्यक्रम रहेको छ । विसं २०७६ मा गर्न लागेको भए पनि पटक पटकको कोरोना र सङ्घीय निर्वाचनका कारण रोकिएको कार्यक्रम अहिले आएर निरन्तरता दिन लागेको आयोजकले जनाएको छ । सम्मेलनमा पुरस्कृत हुने कवि तथा साहित्यकारलाई प्रथम पुरस्कार रु ५५ हजार, द्वितीयलाई रु ४० हजार, तृतीयलाई रु २५ हजार र सान्तवना छ जनालाई रु १० हजारका दरले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने छ । सो अवसरमा दमौलीका साहित्यकार एवं भानुभक्त क्याम्पसका सहायक क्याम्पस प्रमुख नारायणप्रसाद गौतमलाई रु १० हजार नगद तथा दोसल्ला र प्रमाणपत्रले सम्मान गर्ने कार्यक्रम रहेको छ । कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ साहित्यकार सरुभक्त श्रेष्ठ रहनुभएको छ । उक्त कार्यक्रममा देशभरबाट करिब दुई सय कवि तथा साहित्यकारको जमघट हुने बताइएको छ । प्रतिष्ठानकी उपाध्यक्ष गौमाया न्यौपानेले भाषा, संस्कृति र पर्यटन विकासमा आधारित दोस्रो राष्ट्रिय साहित्य सम्मेलन यस क्षेत्रको कला, साहित्य, पर्यटन र संस्कृतिको उजगार गर्न कोसेढुङ्गा सावित हुने बताउनुभयो । उक्त कार्यक्रम सम्पन्न गर्न रु ११ लाख ३९ हजार लाग्ने अनुमान गरिएको छ । कार्यक्रममा आउने पुरस्कृत व्यक्तित्व र अतिथिका लागि खाना बस्नको व्यवस्था आयोजकले मिलाएको सो अवसरमा जानकारी गराइएको थियो । साहित्य सम्मेलनले जिल्लामा रहेका धार्मिक, ऐतिहासिक र सांस्कृतिक क्षेत्रको प्रचारप्रसार गरी पर्यटन भित्र्याउन सहयोग पुग्ने विश्वास गरिएको प्रतिष्ठानका अर्का उपाध्यक्ष सङ्गम सापकोटाले जानकारी दिनुभयो । गीतकार एवं साहित्यकार रमेश पौडेलको संयोजकत्वमा प्रतियोगिताको निर्णायक मण्डलमा श्रवण मुकारुङ, भूपिन खड्का लगायतका व्यक्तित्व रहेका छन् ।


## घातक विषादीको प्रयोग नगरौं ।

◆ विषादीको प्रयोगले क्यान्सर, मस्तिष्कसम्बन्धी रोग, छालाको एलर्जी, आँखा पोल्ने, रिंगटा लाग्ने, टाउको तथा शरीर दुख्ने जस्ता समस्याहरु देखिन सक्दछन् ।

◆ विषादीको जथाभावी प्रयोगले मानिसको प्रजनन क्षमतामा समेत ह्रास आउन सक्छ ।

◆ विषादीले पर्यावरणीय असन्तुलन निम्त्याउँदछ ।

◆ माटोको उर्वराशक्तिमा ह्रास भई समग्र उत्पादकत्वमा ह्रास ल्याउँदछ ।

त्यसैले,
कृषि उत्पादनमा हानीकारक विषादीको प्रयोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## शिक्षक आवश्यकता

**प्रकाशित मिति : २०८०/०२/२६**

यस नवप्रभात माध्यमिक विद्यालय पोखरा मनपा–९, नयाँबजार, कास्कीमा मिति २०८०/०२/२३ गते बसेको विद्यालय व्यवस्थापन समिति बैठकको निर्णयअनुसार देहायबमोजिमको शिक्षकको आवश्यकता परेको हुँदा १८ वर्ष पूरा भएका र ४० वर्ष ननाघेका आवश्यक योग्यता पुगेका योग्य नेपाली नागरिकबाट तपसिलमा उल्लिखित आवश्यक प्रमाणपत्रसहित दरखास्त आह्वान गरिन्छ :

तपसिल
पद : कम्प्युटर शिक्षक
तह : आधारभूत
विषय : कम्प्युटर
दरबन्दी : निजी
संख्या : १ जना
शैक्षिक योग्यता : +२ मा कम्प्युटर साइन्स लिएर उत्तीर्ण गरेको र कम्प्युटर सेक्रेटेरियल सम्बन्धी राम्रो अनुभव भएको
तलब तथा अन्य सुविधा : आपसी सहमतिमा
आवश्यक कागजातपत्र : शैक्षिक योग्यता, अनुभवका प्रमाणपत्र र नागरिकताको प्रतिलिपि
दरखास्त शुल्क : रु. ५००/- (पाँच सय रुपियाँ मात्र)
परीक्षाको किसिम : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता
दरखास्त दिने अन्तिम मिति : २०८०/ ०२/ २९ गतेसम्म
सम्पर्क मिति : २०८०/ ०३/ ०१ गते
परीक्षा : सम्पर्क मितिका दिन तय गरिने छ ।
सम्पर्क नं. : ९८४६३३७३९५, ०६१–५७०४९७

**प्रधानाध्यापक**
**नवप्रभात माध्यमिक विद्यालय**
**पोखरा ९, नयाँबजार, कास्की**



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# निर्वाचन आयोगको स्वायत्तता जोगाऊ

निर्वाचन स्वच्छ, निश्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुनुपर्ने मान्यतामा रहेर निर्वाचन आयोग संवैधानिक बनाइएको हो । कार्यकारीले हस्तक्षेप नगरोस् भनेरै संवैधानिक आयोग बनाइएको हो । निर्वाचन आयोगलाई शक्तिशाली बनाएर सरकारी हस्तक्षेप हुन नदिने बनाउनुपर्ने बेला सरकारले निरीह बनाउन खोजेको छासरकारले बजेट मार्फत जिल्ला निर्वाचन कार्यालय खारेज गरेको छ । सरकारले बार्षिक १५ करोड बचत गर्ने अनुमानका आधारमा स्वायत्त संस्थालाई कमजोर बनाउने काम निन्दनीय छ ।

संसदमा प्रमुख विपक्षी दल नेकपा एमाले लगायत विपक्षी दलहरूले विरोध गरेका छन।सत्तारूढ नेपाली काङ्ग्रेसका महामन्त्री गगन थापाले समेत बिरोध जनाएका छन । निर्वाचन आयोगको संवैधानिक अस्तित्व कायमै राख्न राजनीतिक दल र अन्तर्राष्ट्रिय संस्था र नागरिक नै जागरूक हुनुपर्छ । निर्वाचन आयोगले जिल्ला निर्वाचन कार्यालय खारेज गर्ने सरकारको निर्णयबारे शुक्रबार सर्वदलीय छलफल गर्ने भएको छ । संविधान विपरीत जिल्ला निर्वाचन कार्यालय खारेज गर्ने सरकारी निर्णयका सम्बन्धमा आयोगले संसद् भित्र र बाहिरका सबै दलसँग छलफल गर्न लागेको छ। आयोगले गर्नैपर्ने काम हो । संविधानमा भएको व्यवस्था विपरीत गएर सरकारले आयोगलाई कार्यपालिका मातहत राख्ने ढंगको काम गरेकाले त्यसबारे सबै दलसँग परामर्श गर्नुपर्नेछ ।

बजेट भाषणका क्रममा अनुसूचीमा जिल्ला निर्वाचन कार्यालय र कपास विकास कम्पनी खारेज गरिएको छ भन्नुले आयोगको संवैधानिक अस्तित्वलाई सरकारले नजरअन्दाज गरेको स्पष्ट गरेको छ । निरन्तर रूपमा क्रियाशील भइरहनु पर्ने निकाय खारेज गर्नु संविधान विपरीत हो । त्यसबारे आयोगले प्रधानमन्त्री र मन्त्रीहरूसँग पनि भेटेर आपत्ति जनाउनुपर्छ । सरकारले निर्णय नसच्याए आयोग र सरकारबीच संवैधानिक खाडल सृजना हुनेछ। स्वयत्त छवि र अधिकारको संरक्षणका लागि आयोग कानुनी उपचारको विकल्पमा जान बाध्य हुनेछ ।

स्वदेशी तथा विदेशी संघ संस्थाहरुबाट प्रशासनिक नेतृत्वले गरेको निर्वाचन स्वच्छ, निष्पक्ष र विश्वसनीय हुँदैन भन्ने मान्यताका कारण जिल्ला न्यायाधीशको नेतृत्वमा निर्वाचन गर्ने गरी संवैधानिक रूपमा नै व्यवस्था भएकोतर्फ सरकार सचेत हुनुपर्छ । आयोगले जिल्ला निर्वाचन कार्यालय खारेज गर्ने सरकारी निर्णयका सम्बन्धमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग भेटेर संवैधानिक र कानुनी व्यवस्था जानकारी गराउँदै निर्णय फिर्ता लिन ध्यानाकर्षण गराइसकेको छ। संसदले नै सरकारलाई गलत काम हुन नदिन सबैको खबरदारी जारुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : मन चञ्चल |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पाँच दिन तातो हावा यथावत्

**रासस**
काठमाडौं, २५ जेठ

देशका तराईका भू-भागमा आगामी केही दिनसम्म तातो हावा तथा लू लाग्न सक्ने सम्भावना रहेकाले यसबाट बच्न आवश्यक सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ।

तातो दिन तथा लूसम्बन्धी विशेष बुलेटिन निकालेर महाशाखाले तराईका धेरैजसो क्षेत्रमा अधिकतम र न्यूनतम तापक्रम बढेकाले अबका पाँच दिनसम्म आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको हो । “हालको तल्लो र उपलल्लो वायुमण्डलको अध्ययन र विश्लेषअनुसार नेपालमा यस वर्षको मनसुनको आगमन हुन अझै केही दिन लाग्ने देखिन्छ । तसर्थ, देशका तराई भू-भागमा आगामी पाँच दिनसम्म तातो हावा तथा लूको सम्भावन यथावत् रहने देखिएकोले सोबाट बच्न आवश्यक सतर्कता अपनाउन अनुरोध छ”, बुलेटिनमा उल्लेख छ । साथै पहाडी भू-भागका उपत्यका तथा खोचमा समेत तापक्रम क्रमिकरुपमा बढ्न सक्ने सम्भावना रहेकाले महाशाखाबाट जारी सूचना तथा पूर्वानुमानमा अद्यावधिक रहन पनि अनुरोध गरिएको छ । महाशाखाका मौसमविद् गोविन्दकुमार झाले अबका तीन दिनसम्म लू चल्ने सम्भावना रहेको बताउनुभयो । “विगत दुई दिनदेखि तराईका अधिकांश भू-भागमा लू चलिरहेको छ। समग्रमा तराईको मध्य क्षेत्र सप्तरीदेखि भैरहवा क्षेत्रमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस नाघेर तातो हावा तथा लू चलेको छ । नेपालगञ्जलगायत क्षेत्रमा अधिकतम तापक्रम ४० डिग्री हाराहारी छ जसले गर्मी बढेको छ”, उहाँले भन्नुभयो । लगातार पाँच दिनसम्म सामान्यभन्दा ४० डिग्रीभन्दा माथि तापक्रम बढेमा लू चलेको मानिन्छ । वर्षा नहुँदा सुक्खापन चलेकाले तापक्रम बढेर लू चलेको मौसमविद् झाको भनाइ छ। साथै पहाडी भू-भागका उपत्यका तथा खोचमा समेत तापक्रम क्रमिकरुपमा बढ्न सक्ने सम्भावना रहेकाले महाशाखाद्वारा जारी सूचना तथा पूर्वानुमानमा अध्यावधिक रहन पनि महाशाखाले अनुरोध गरेको छ।

महाशाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनअनुसार हाल देशमा पश्चिमी वायुको साथै स्थानीय वायुको आंशिक प्रभाव छ । देशको पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भेगमा मौसम सामान्यतया सफा रहेको छ । दिउँसो कोशी प्रदेशलगायत गण्डकी तथा कर्णाली प्रदेशका पहाडी भू-भागका एक-दुई स्थानमा मेघ गर्जन/चट्याङ्गसहित क्षणिक वा हल्का वर्षाको सम्भावना छ।

विगत दुई सातादेखि देशका अधिकांश भू-भागको अधिकतम तथा न्यूनतम तापक्रम वृद्धि भइरहेको महाशाखाले जनाएको छ । काठमाडौं उपत्यकालगायत देशका अन्य उपत्यकामा समेत तापक्रममा क्रमिक वृद्धि भइरहेको छ । तराई भू-भागमा, मुख्यतया मध्य तराई र आसपासमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन भएको छ । तातो हावा तथा लूबाट हुने सम्भावित असरजस्तैः थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, माँसपेशी दुख्ने, बान्ता आदि हुनसक्ने देखिएकाले सोबाट बच्न आग्रह गरिएको छ । तातो हावा तथा लूबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात् चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने (घाममा हल्का लुगा लगाउने, सुती कपडा लगाउने, बाहिर निस्कँदा दाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ जुस सर्वत आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या आएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही सल्लाह सुझाव लिन पनि महाशाखाले सुझाएको छ । यसैगरी जल तथा मौसम विज्ञान विभागअन्तर्गतको मौसम पूर्वानुमान महाशाखाले देशका तराई भूभागमा आगामी चार दिनसम्म तातो हावा तथा लूको सम्भावना यथावत् रहने देखिएकाले सोबाट बच्नका लागि आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ।

देशभरिको तापक्रमको अवस्था तथा विश्लेषणअनुसार तराईका धेरैजसो भूभागमा तापक्रम क्रमिकरुपमा बढ्ने देखिन्छ । काठमाडौं उपत्यकालगायत देशका अन्य उपत्यकामासमेत तापक्रममा क्रमिक वृद्धि भइरहेको र देशको तराई भूभागमा अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको छ। हालको तल्लो र उपल्लो वायुमण्डलको अध्ययन र विश्लेषणअनुसार नेपालमा यस वर्षको मनसुनको आगमन हुन अझै केही दिन लाग्ने देखिन्छ । साथै पहाडी भूभागका उपत्यका तथा खौंचमासमेत तापक्रम क्रमिकरुपमा बढ्नसक्ने सम्भावना रहेकाले महाशाखाबाट जारी हुने सूचना तथा पूर्वानुमानमा अद्यावधिक रहनसमेत अनुरोध गरिएको छ।


## व्यक्ति एउटै भएको सूचना



साविक हुवास गा.वि.स. वडा नं. ३, हाल पैयुँ गाउँपालिका वडा नं. ४ बस्ने भारतीय सेनाको अटलेरी भू.पू.नं. ५०३९४०४ नायक टोम बहादुर प्रधानको पत्नी मिठुकुमारी प्रधानको नागरिकता प्रमाणपत्रमा नाम मिठुकुमारी प्रधान भएको र निजका पतिले नोकरी गरेको अभिलेखमा पत्नीको नाम लेखाउँदा मेता (META) भै फरक परेको भए तापनि यी दुवै नामथर पर्वतको ६२९ मिति २०७४/११/२२ को पत्रबाट लेखी आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि सूचित गरिन्छ ।


# दिनभर मकैबारी रुँगदै वडाध्यक्ष

**पोखरापत्र संवाददाता**
पर्वत, २५ जेठ

पर्वतको कुश्मा नगरपालिका-९ का वडाध्यक्ष रामशर्मा लामिछाने हरेक महिनाको १५ गते र ३० गते वडा कार्यालयमा भेटिनु हुन्न। उहाँ बिरामी भएर वा अन्यत्र गएर वडा कार्यालय नआउनुभएको होइन । हरेक महिनाको दुई दिन लामिछाने खेतबारी रुँगेर बस्नुहुन्छ। यसको कारण हो बाँदर धपाउन।

लामिछाने मात्र हैन कुश्मा नगपालिका-९ का १५ परिवारको एउटै फाँट रहेको छ। ती फाँटमा लगाइएका मकै जोगाउन वडाध्यक्षलगायत १५ जनाले आलोपालो गरेर मकै जोगाउन लाग्नुभएको छ। वडाको कामसँगै खेतबारीमा लगाएको मकै, बोडी, सिमी पनि जोगाउनुपरेको अध्यक्ष लामिछानेले बताउनुभयो।

खेतबारीमा मकैले भर्खरै घोगा हाल्दै गरेका छन् तर किसानलाई भने ती घोगा जोगाएर घर भित्र्याउने पाइने हो कि होइन भन्ने चिन्ता छ । आफूले भन्दा पहिल्यै बाँदरले मकै खाला भन्ने डर भएपछि खेतबारीमै छाप्रो हालिएको छ, जहाँ प्रत्येक दिन गाउँका कोही न कोही हेरालो बस्नुपर्ने बाध्यता परेपछि आफूसमेत महिनामा दुई दिन खेतबारी रुगेर बस्ने गरेको उहाँ बताउनुहुन्छ । त्यस्तै पत्रकार राजबाबु पिसीले आफू पनि महिनाको दुई दिन बाँदर धपाउने पालोमा खेतबारी कुरेर बस्नुपर्ने बताउनुभयो । महिनाको दुई दिन पत्रकारिताको काम छाडेर खेतबारीमा बाँदर धपाउनुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो । खेतबारीमा लगाएका बाली जोगाउन कटुवा चौपारीवासीलाई हम्मेहम्मे परेको छ । यहाँको करिब साढे दुई सय रोपनीमा मकै लगाइएको छ । मकैले घोगा हाल्दै छन्, बाँदर भने दैनिकजसो खेतबारीको आसपासमा आउन थालेका छन् । बाँदर आतङ्क बढेपछि कटुवा चौपारीवासी पालो नै छुट्याएर बाँदर धपाउन लागिपरेकाछन्।कुश्मानगरपालिका-९ कटुवाचौपारीका वडाध्यक्ष लामिछाने गाउँले बाँदरबाट बाली जोगाउन पालो लगाएर खेतबारीमै बस्न थालेको बताउनुभयो।

“अब एक महिना बाँदरबाट बाली जोगाउन एकदमै कठिन हुन्छ, बाली पाक्नै लाग्दा बाँदर खेतबारीमा पसेर सबै खाइदिन्छ”, उहाँले भन्नुभयो, “यसपालि चाहिँ पालो नै बनाएर बाँदर धपाउन खेतबारीमै बसेका छौं।” उक्त क्षेत्रमा बाँदर आतङ्क नयाँ भने होइन । विगत वर्षमा पनि बाँदरले बालीनाली नष्ट गर्ने गरेको वडाध्यक्ष लामिछानेले बताउनुभयो।“यसअघिपनिबाँदरले बाली खाइदिन्थ्यो, बाँदरबाट जोगाउन धेरै कोसिस गरियो तर, नसकेपछि यसपालि पालो गरेर खेतबारीमै बसे गरेका छौं”, उहाँले भन्नुभयो, “बाँदर आएपछि कराउने हल्ला गर्ने अनि बाँदर भाग्छ, त्यसरी बालीनाली जोगाउन सकिन्छ ।”बाँदरबाट बालीनाली जोगाउन खेतबारीमा छाप्रो बनाइएको छ।

पालो परेको व्यक्ति सोही छाप्रोमा आएर बस्ने र बाँदर आएपछि सङ्केत गर्ने गरिन्छ । “हामी खेतबारीको छेउमा सानो छाप्रो बनाएका छौं। सबैको पालो लगाएका छौं, कसले कति गते पालो परेको छ, त्यतिअनुसार छाप्रोमा बस्नुहुन्छ, र बाँदर आयो भने त्यहाँबाट सङ्केत गरिन्छ, सङ्केत पाउँदा बित्तिकै सानो झुन्ड रैछ भने आफैं धपाउछन्, ठूलै भुन्ड रैछ भने सबै गाउँले गएर धपाउँछौं”, वडाध्यक्ष लामिछानेले भन्नुभयो, “७० घरको खेती यसरी नै जोगाउँछौं।”

बाँदर धपाउने कृत्रिम उपाय अपनाए पनि नभागेपछि उक्त उपाय अपनाएको वडाध्यक्ष लामिछाने बताउँनुभयो । “बाँदर धपाउन धेरै उपाय अपनाऔं, पड्काउने, बजाउने सबै गरियो तर, भागेन”, उहाँले भन्नुभयो, “अहिले पालो लगाएर खेतबारीमा बसेपछि बाली जोगाउन सकिएको छ।”

# मल्कवाङ, भेडिखाल्टा र बैंशी पन्थोकमा खानेपानी सुविधा

**रासस**
म्याग्दी, २५ जेठ

म्याग्दीको धवलागिरि गाउँपालिकामा करिब रु एक करोडको लागतमा एक घर एक धाराको सुविधा भएका तीन खानेपानी आयोजना निर्माण भएका छन् ।

नेपाल स्वास्थ्यको लागि पानी (नेवा), धवलागिरि गाउँपालिका र समुदायको लागत साझेदारीमा वडा नम्बर ५ को मल्कवाङ, भेडिखाल्टा र वडा नम्बर ६ को बैंशी पन्थोकमा आयोजना निर्माण भएका हुन् ।

नेवाका प्राविधिक निरीक्षक रामबहादुर बुढाले रु ९४ लाख नौ हजार आठ सय ०२ को लागतमा निर्माण भएको आयोजनाबाट एक सय ५३ घरधुरी लाभान्वित भएका छन् । “घरघरमा मिटर जडित निजी धारामार्फत खानेपानी वितरण गरिएको छ,” उहाँले भन्नु भयो “आगामी आर्थिक वर्ष २०८०/८१ मा धवलागिरि-२ खोरिया र लमसुङमा दुई खानेपानी आयोजना बनाउन सर्वेक्षण भएको छ ।” रु ५७ लाख ६२ हजार ८०३ को लागतमा निर्माण भएको मल्कवाङ खानेपानी आयोजनाबाट ८५ धरधुरी लाभान्वित भएका छन्। छहराको मुहानबाट पानी ल्याएर मल्कवाङमा ४९, होपाटोलमा ३८ घर, वडा, विद्यालय र स्वास्थ्य चौकीमा एक/एकवटा धारा बनाएर वितरण गरिएको उपभोक्ता समितिका अध्यक्ष रोजबहादुर छन्त्यालले जानकारी दिनुभयो । “घरघरमा धारा बनाएर पानी वितरण गरेपछि समयको बचत, सुविधा र जनजीवन सहजका भएको छ,” उहाँले भन्नुभयो “यसअघि पुरानो आयोजनाको सार्वजनिक धारामा पर्याप्त पानी नआउँदा समस्या भएको थियो ।” यसका लागि उपभोक्ताले प्रतिघर ४५ दिनका दरले श्रमदान गरेका थिए।

सोही वडाको भेडिखाल्टामा नेवाको रु दश लाख ५४ हजार आठ सय ७८, धवलागिरि गाउँपालिकाको रु छ लाख ९४ हजार आठ सय ८२ अनुदान र उपभोक्ताको रु चार लाख २३ हजार सात सय ६९ बराबरको श्रमदानमा अर्को खानेपानी आयोजना निर्माण भएको छ। सो आयोजनाबाट ३९ वटा घरधुरी रहेको भेडिखाल्टामासँगै जोडिएका दुई वटा घरले एउटा धारा प्रयोग गर्ने गरी ३४ वटा धारा बनाइएको वडाध्यक्ष अमर छन्त्यालले जानकारी दिनुभयो ।यसैगरी धवलागिरि गाउँपालिका-६ मा रु १४ लाख ७३ हजार चार सय ७० को लागतमा निर्माण भएको बैंसी पन्थोक खानेपानी आयोजनाबाट २९ वटा घरधुरीका दुई सय १२ जनसङ्ख्या लाभान्वित भएका छन् । जनविकास आधारभूत विद्यालय र प्रगति युवा क्लबको भवनमा पानी वितरण गर्न निजी धारा जडान गरिएको छ। नेवाको रु सात लाख ७७ हजार ९२, गाउँपालिकाको रु तीन लाख ९९ हजार चार सय ७५ अनुदान तथा उपभोक्ताको रु ३३ हजार चार सय ५९ नगद र रु दुई लाख चार सय ४४ बराबरको श्रमदानमा आयोजना निर्माण भएको हो । आगनकै धारामा नियमित स्वच्छ खानेपानी आपूर्ति हुन थालेपछि सुविधाका साथै पानीका लागि खर्चनुपर्ने समय बचत भएको स्थानीय भूमिका गर्बुजाले बताउनुभयो । आगामी वर्ष मालिका गाउँपालिकामा ६ वटा र मङ्गला गाउँपालिकामा तीन खानेपानी आयोजना निर्माण गर्न लागिएको नेवाले जनाएको छ।

# देशमा भ्रष्टाचारको अन्त्य गर्ने संकल्पसहित अगाडि बढ्न आवश्यक छ : डा भट्टराई

**रासस**
काठमाडौं, २५ जेठ

नेपाल समाजवादी पार्टीका अध्यक्ष डा बाबुराम भट्टराईले नेपाललाई बदल्न देशमा भ्रष्टाचारको अन्त्य गर्ने सङ्कल्पसहित नेता अगाडि बढ्नुपर्ने बताउनुभएको छ।

बिहीबारदेखि भक्तपुरमा सुरु भएको पार्टीको दुई दिने केन्द्रीय समिति बैठकमा उहाँले देशमा भ्रष्टाचार नगर्ने मासिन पाउन मुस्किल भएको वर्तमान अवस्थामा भ्रष्टाचारको अन्त्य गर्ने सङ्कल्प नेतादेखि कर्मचारीसम्ममा हुनुपर्ने बताउनुभएको हो। “देशमा चरम भ्रष्टाचारको विकृति चुलिएको छ, अहिले त भ्रष्टाचार नगर्ने मान्छे खोज्नुपर्ने बेला आएको छ, भ्रष्टाचारको यति ठूलो सङ्क्रामक रोगबाट हामी गुज्रिरहेका छौं”, अध्यक्ष भट्टराईले भन्नुभयो, “अब भ्रष्टाचारको अन्त्य गर्दै सुशासन दिने र हाम्रै कार्यकालमा देशका लागि समृद्धिको लक्ष्य प्राप्त गर्नुपर्छ ।” नेपाल बदल्ने सङ्कल्पसहित नेपाल समाजवादी पार्टी गठन भएको भन्दै उहाँले आफ्नो पार्टीले निकट भविष्यमा अन्य पार्टीभन्दा फरक पहिचान स्थापित गर्ने दाबी गर्नुभयो।

उहाँले प्रगतिशील, लोकतान्त्रिक र समाजवादी शक्तिहरूको एकता अपरिहार्य रहेको औंल्याउँदै यथास्थितिमा वाम शक्तिहरू टिक्न नसक्ने बताउनुभयो । ‘अबको राष्ट्रको सङ्कल्प : नयाँ समाजवादी विकल्प’ शीर्षकमा प्रस्तुत गरेको राजनीतिक प्रस्तावमा माथि बोल्दै उहाँले भन्नुभयो, “नयाँ प्रगतिशील, लोकतान्त्रिक, समाजवादी शक्तिमा रूपान्तरित भएर बृहत् ध्रुवीकरण नगर्ने हो भने अहिलेकै साम्यवादी रूपमा अब लामो समय वाम शक्तिहरू अघि बढ्न कठिन हुन्छ।”

विभिन्न राजनीतिक प्रतिवेदनमाथि बृहत् छलफल गर्दै बैठक भोलि समापन हुने बताइएको छ।

# विद्यार्थीमा ठेउला देखिएपछि विद्यालय बन्द

**पोखरापत्र संवाददाता**
वालिङ, २५ जेठ

स्याङ्जाको वालिङ-१२ कोखेस्थित सिर्सेकोट जनहित आधारभूत विद्यालयका बालबालिकामा ठेउलाको सङ्क्रमण देखिएको छ।

सुरुका दिनमा केही बालबालिकामा देखिएको सङ्क्रमण फैलँदै जाँदा २३ जना तथा घरका अन्य सदस्यलाई पनि सर्न थालेपछि आउँदो शुक्रबारसम्म विद्यालय बन्द गरिएको छ । बालबालिकाको शरीरमा एकै प्रकारका पानीका फोका आउने, चिलाउने, दुख्ने, ज्वरो आउनेजस्ता लक्षण देखिएको छ । विश्व स्वास्थ्य सङ्गठन, गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालय, स्वास्थ्य कार्यालय स्याङ्जा र गह्रौं प्राथमिक अस्पताल वालिङबाट चिकित्सकको टोली पुगेर औषधि उपचार गरेको वालिङ नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख कमलप्रसाद पाण्डेले बताउनुभयो । पहिलो पटक परीक्षण गर्दा २३ जनामा देखिएको सङ्क्रमण दर बढ्दै गएपछि गण्डकी प्रदेश स्वास्थ्य मन्त्रालय र विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधि कोखे पुगेर नमूना सङ्कलन गरेका हुन् ।

"ठेउला देखिएको ठाउँमा पुगेर स्वास्थ्यकर्मीको टोलीले घाँटीको स्वाब, छालाको नमूना तथा रगतको नमूना सङ्कलन गरी परीक्षण गर्न काठमाडौं पठाएको छ", उहाँले भन्नुभयो, "लक्षणअनुसार ठेउला भएको प्रारम्भिक परीक्षण हेर्दा सङ्ख्या धेरै भएकाले नमूना परीक्षण गर्न काठमाडौं पठाएका छौं ।"

ठेउला रोगको रोकथाम तथा नियन्त्रण गर्न हावाबाट बच्न र सामाजिक दूरी कायम राख्नसमेत अनुरोध गरिएको शाखा प्रमुख पाण्डेले बताउनुभयो । दोस्रो पटक जाँच गर्दा थप दश जना बालबालिका तथा समुदायस्तरसम्म सङ्क्रमण फैलिएकाले रोकथाम तथा न्यूनीकरणका लागि स्थानीयलाई सचेत गराइएको उहाँले बताउनुभयो। ठेउला भाइरसबाट सर्ने सङ्क्रामक रोग हो। विशेष गरी १५ वर्ष उमेर समूहमुनिका बालबालिकामा यो रोग बढी देखिने गर्छ । यसले दीर्घरोगी तथा गर्भवती महिलालाई बढी असर गर्नसक्ने भएकाले समुदायस्तरमा फैलिन नदिन विशेष सावधानी अपनाइएको स्वास्थ्य कार्यालय स्याङ्जाकी प्रमुख वसुन्धरा शर्माले बताउनुभयो। "सङ्क्रमण फैलिन नदिन सङ्क्रमित बिरामीको सम्पर्कमा नआउने, एउटै लुगा प्रयोग नगर्ने, सरसफाइमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो, "एकदेखि दुई हप्तासम्म यसको लक्षण देखिन्छ, एकपटक भएपछि दोस्रो पटक हुँदैन ।" जेठ १४ गतेदेखि सुरु भएको ठेउलाको सङ्क्रमण अहिले सिर्सेकोट जनहित विद्यालय तथा समुदायस्तरमा फैलिएको छ।

# विन्दुवासिनी संस्कृत विद्यापीठमा बधाई तथा शुभकामना

**पोखरापत्र संवाददाता**
पोखरा, २५ जेठ

विन्दुवासिनी संस्कृत विद्यापीठ, पोखरामा पदोन्नति एवम् विद्यावारिधी गर्नुभएका प्राध्यापकहरूलाई एक कार्यक्रमका बीच बिहीबार बधाई तथा शुभकामना व्यक्त गरिएको छ।



विन्दुवासिनी संस्कृत विद्यापीठ, नेपाल प्राध्यापक संघ इकाइ समितिको आयोजनामा नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगको आन्तरिक तथा खुला प्रतियोगिताबाट प्राध्यापकमा पदोन्नत हुनुभएका सत्यराज सुवेदी, श्रीराम बराल, डा.जगनाथ रेग्मी एवम् हालसालै 'सिद्धान्त कौमुदी श्लोक सिद्धान्तकौमुद्योःसमीक्षणात्मकानुशीलनम्ट शीर्षकमा विद्यावारिधी उपाधि प्राप्त गर्नु भएका उपप्राध्यापक डा.भानुभक्त आचार्यलाई सम्मान गरिएको हो। कार्यक्रमका प्रमुख अतिथि नेपाल संस्कृत विश्वविद्यालय प्राध्यापक संघ, केन्द्रीय समितिका उपसभापति सहप्राध्यापक आनन्दमणि रिजालले एघार वर्षपछि विश्वविद्यालयमा पदोन्नतिको विज्ञापन भएको र आगामी दिनमा प्रत्येक दुई वर्षको अन्तरालमा यस्तो विज्ञापन गर्नैपर्ने व्यवस्था गराउनुपर्नेमा जोड दिनुभयो।पदोन्नतप्राध्यापकको प्राज्ञिक क्षमता र सीपबाट विश्वविद्यालयको गरिमा बढ्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा खुला प्रतियोगिताद्वारा उपप्राध्यापकबाट प्राध्यापक बन्न सफल डा.जगन्नाथ रेग्मीसहित सम्मानित प्राध्यापकहरू एवम् प्रा.डा.शालिग्राम सुवेदी, सह प्राध्यापक अम्बिकाप्रसाद भट्टराई, सह प्राध्यापक नारायणप्रसाद सापकोटा र कर्मचारी संघ एकाइ समितिका अध्यक्ष दुर्गारमण पराजुलीले बधाई तथा शुभकामना व्यक्त गर्नुभयो।

प्राध्यापक संघ विन्दुवासिनी संस्कृत विद्यापीठ इकाइ समितिका सभापति डा. चूडामणि कँडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपसभापति प्रकाश पौडेलले स्वागत तथा सचिव डा. भोलानारायण रेग्मीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# एसियन कप छनोट : नेपाल चीनसँग पराजित

**रासस**
काठमाडौं, २५ जेठ

एएफसी यु-२० महिला एसियन कप छनोटको दोस्रो चरणअन्तर्गत बिहीबार भएको खेलमा नेपाल चीनसँग पराजित भएको छ।

म्यान्मारको यानगोनस्थित थुवुन्ना स्टेडियममा भएको खेलमा नेपाल चीनसँग ०-५ गोलअन्तरले पराजित भएको हो । नेपालको यो लगातार दोस्रो हार हो। यसअघि भएको पहिलो खेलमा नेपाल आयोजक म्यानमारसँग ०-५ गोलअन्तरले नै पराजित भएको थियो।

बिहीबार खेलको १६औं मिनेटमा ओउयाङ युहयानले गोल गर्दै चीनलाई सुरुआती अग्रता दिलाइन् । त्यस्तै होउ युसीले खेलको २६औं मिनेटमा गोल गर्दै चीनको अग्रता दोब्बर बनाइन्। खेलको पहिलो हाफको अतिरिक्त समयमा चीनले दुई गोल थप्यो । चीनकी यिनली होङ र लु जुआयुले एक- एक गोल थपे । त्यसपछि खेलको ८९औं मिनेटमा यु जियाकीले गोल गर्दै चीनलाई ५-० को जित दिलाए । यस जितसँगै चीनले छ अङ्क जोडेको छ।

चीनले पहिलो खेलमा चाइनिज ताइपेलाई १-० गोलअन्तरले पराजित गरेको थियो । अब नेपालले छनोट चरणको अन्तिम खेल यही जेठ २७ गते चाइनिज ताइपेसँग खेल्नेछ। प्यालेस्टाइनमा भएको पहिलो चरणको छनोटबाट नेपाल दोस्रो चरणमा पुगेको हो।

# साफ च्याम्पियनसीपका लागि राष्ट्रिय टोलीको घोषणा

**रासस**
काठमाडौं, २५ जेठ

अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले भारतमा आयोजना हुने १४औं संस्करणको पुरुष साफ च्याम्पियनसीपका लागि आज नेपाली राष्ट्रिय फुटबल टोलीको घोषणा गरेको छ।

आगामी असार ६ गतेदेखि सञ्चालन हुने उक्त प्रतियोगिताका लागि नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले २३ सदस्यीय नेपाली टोलीको घोषणा गर्नुभएको हो।

छनोट हुने नेपाली टोलीको गोलकिपरमा किरण चेम्जोङ, दीप कार्की र विशाल श्रेष्ठ रहेका छन्। त्यसैगरी डिफेन्डरमा विमल पाण्डे, सनिस श्रेष्ठ, अनन्त तामाङ, देवेन्द्र तामाङ, निशान्त खड्का, रोहित चन्द र सिमान्त थापा रहेका छन् । त्यस्तै मिडफिल्डरमा पुजन उपरकोटी, एरिक विष्ट, नवीन लामा, मनिकुमार लामा र लाकेन लिम्बू रहेका छन् । यसैगरी फरवार्डमा आयुस घलान, नवयुग श्रेष्ठ, दीपकराजसिंह ठकुरी, अन्जन विष्ट, मनिष डाँगी, आशिश चौधरी र विमल घर्तीमगर रहेका छन् । प्रतियोगितामा सहभागी आठ राष्ट्रलाई दुई समूहमा विभाजन गरिएको छ । नेपाल समूह 'ए' मा परेको छ । नेपालको समूहमा कुवेत, भारत र पाकिस्तान रहेका छन्। त्यसैगरी समूह 'बी' मा लेबनान, माल्दिभ्स, भूटान र बङ्गलादेश रहेका छन्।

नेपालले आफ्नो पहिलो खेल आगामी ६ असार गते कुवेतसँग खेल्नेछ भने असार ९ गते आयोजक भारत र असार १२ गते पाकिस्तानसँग खेल्नेछ।

# अव्यवस्थित ग्रामीण सडकले कुरुप बन्दै गाउँ

**-डम्मर बुढामगर**
बागलुङ, २५ जेठ

एक दशक अगाडिसम्म बागलुङका ग्रामीण क्षेत्र मोटरबाटोले जोडिएका थिएनन्। बजारबाट सामान ओसारपसार गर्न घोडा, खच्चड र भरियाको प्रयोग गरिन्थ्यो । टाढाको यात्रा पनि हिँडेरै पार गर्नुपर्ने बाध्यता थियो।

स्थानीय सरकारको स्थापनापछि सडक सञ्जाल विस्तार पहिलो प्राथमिकतामा पर्ने गरेको छ। अहिले दूरदराजका गाउँ तथा बस्ती-बस्तीमा सडक पुगेको छ । सडकले ग्रामीण जनजीवनमा परिवर्तन त ल्याएको छ तर सँगै विनाश पनि गरेको छ । हिउँदको समयमा धमाधम सडक निर्माण हुन्छन् । बर्खाको समय ती सडकमा ठूलाठूला पहिरो जाँदा मानवीय क्षतिका साथै भौतिक सम्पत्तिको ठूलो क्षति हुने गरेको छ । गाउँमा बनाइने सडक विस्तृत आयोजना प्रतिवेदन(डिपिआए) विना नै निर्माण गरिने भएकाले यसरी निर्माण भएका सडकले गाउँको सुन्दरता घटाएको निसीखोलाका स्थानीय तिलबहादुर पुनमगरले बताउनुभयो । "विना इञ्जिनियरिङ धमाधम निर्माण भएका सडकले गाउँको सुन्दरता घटाएको छ भने पर्यावरणमा पनि नकरात्मक असर पुऱ्याइरहेको छ", उहाँले भन्नुभयो।

सडकका कारण पछिल्लो समय पानीका मुहान सुक्ने, मौलिक सम्पदा मासिनुका साथै कतिपयलाई घरबारविहीन बनाएको पुनमगरको भनाइ थियो । "जिल्लाको १० वटै पालिकामा हरेक वर्ष सडक निर्माणमा करोडौं बजेट खर्च हुन्छन् तर सडक गुणस्तरीय नहुँदा यातायातका साधन चल्दैनन् । गाडी नगुड्दा स्थानीय पहिलेकै जस्तै पैदल यात्रा गर्नुपर्छ भने दैनिक उपभोग्य सामान पनि बोकेरै ल्याउनुपर्ने बाध्यता छ", उहाँले भन्नुभयो । पुनमगरका अनुसार सडक बाह्रै महिना चल्नुपर्ने भन्दै वर्षमा एकपटक पनि गाडी नगुड्ने माटोरबाटो जिल्लामा थुप्रै छन् । गाउँपालिका तथा नगरपालिकाबाट बजेट पारेर निर्माण भएका धेरै सडक अहिले प्रयोगमा नआएको उहाँले बताउनुभयो । उहाँले गाउँपालिकाले करोडौं बजेट विनियोजन गरेर गाउँमा सडक खने पनि गाडी भने नचल्दा आफूहरुले सास्ती खेप्नुपरेको बताउनुभयो। उपभोक्ता समितिमार्फत निर्माण भएका धेरै सडक विना नापजाँच खनिएको हुँदा गाडी गुड्ने खालको नभएको पुनको गुनासो छ।

"आजभन्दा पाँच वर्ष अगाडि कुनै पनि गाउँमा सडक पुगेको थिएन । अहिले सडक नपुगेको गाउँनै छैन। सडक पुगे पनि धेरै ठाउँमा गाडी चल्दैनन्, दुई/चार घर भएका ठाउँमा पनि सडक पुगेका छन्", उहाँले भन्नुभयो, "सडकको स्तरीय निकै कमजोर छन्, साँघुरा र जोखिमयुक्त सडकका कारण गाडी चल्दैनन्, गाउँको तल्लो क्षेत्रसम्म गाडी आए पनि अलि माथिल्लो क्षेत्रमा पुग्दैनन् ।" पुनमगरले गाउँमा सडक आउनु राम्रो भए पनि जथाभावीरुपमा बनाइएका सडकले गाउँको सुन्दरता बिगारेको बताउनुभयो।जथाभावी खनिएका सडकले खेतीयोग्य जमिन मास्ने र बजेट सक्ने काम मात्र गरेको उहाँको भनाइ थियो।

पुनमगरले सडकले पहिलेको तुलनामा आवागमनमा केही सहज भने बनाएको बताउनुभयो । पहिले बजारदेखि नुन, चामललगायत दैनिक उपभोग्य सामान ल्याउन घन्टौं लाग्ने गरेकामा अहिले १५/२० मिनेट बोकेर ल्याउन सकिने उहाँको भनाइ थियो । सडकलाई गुणस्तरीय बनाएर सबै ठाउँमा गाडी सञ्चालन गर्न सके गाउँको विकासमा टेवा पुग्ने पुनमगरले बताउनुभयो।

ढोरपाटन नगरपालिका-९ का तिलबहादुर सुनारले सडकले गाउँलेको दैनिकी नै बदलिएको बताउनुभयो । उहाँले गाउँ सडक सञ्जालमा जोडिनुपूर्व दैनिकी कष्टकर भएको सुनाउँदै अहिले धेरै सहज भएको बताउनुभयो । सडकका कारण बजारको सेवासुविधा गाउँमा आएको सुनारको भनाइ छ । सडकले विकाससँगै गाउँमा ठूलो विनास पनि निम्त्याएको उहाँले बताउनुभयो। अव्यवस्थितरुपमा निर्माण भएका सडकमा हिउँदमा गाडी गुडे पनि बर्खाको समय ठप्प हुने र पहिरोले बस्ती बगाउने गरेको सुनारले बताउनुभयो।

"सडक आवश्यकताभन्दा बढी खनिए, त्यसले गर्दा सडकभन्दा तल पट्टीका धेरै बस्ती बाढी र पहिरोको जोखिममा छन् । स्थानीय बर्खामा घर छाडेर भाग्नुपर्ने अवस्था छ, पहिले गाउँ निकै राम्रो थियो, खेतीयोग्य जमिन हराबरा थिए, अहिले सडकले गर्दा उराठिलो बनेका छन्", उहाँले भन्नुभयो, "तीन/चार वर्ष अगाडि निर्माण भएका सडकमा अझै नाली बनाइएका छैनन् । बर्खाको पानीले सडक क्षत्‌विक्षत बनाउने र पहिरो जाने समस्या नित्याएको छ ।" जिल्ला समन्वय समिति बागलुङका प्रमुख अमरबहादुर थापाले अव्यवस्थितरुपमा निर्माण भएका सडकले गाउँको सुन्दरतामा दाग लागेको बताउनुभयो । स्थानीय पालिकाले सुरुका वर्षदेखि सडक निर्माणमा ठूलो लगानी गरे पनि व्यवस्थित गराउन नसकेको उहाँको भनाइ छ । अहिले सबै पालिकालाई सडक निर्माण गर्दा डिपिआर तयार गरेर मात्रै निर्माण गर्न आग्रह गरेको प्रमुख थापाले बताउनुभयो । अतिआवश्यक स्थानमा बाहेक अन्य ठाउँमा सडक निर्माण नगर्न पालिकालाई उहाँले सुझाव दिनुभयो । "सडक विकासको मुख्य आधार भएकाले सडक विस्तार आवश्यक छ । केही समय अगाडि जथाभावी निर्माण भएका सडकका कारण गाउँ कुरुप बनेका छन्, अब सडकलाई व्यवस्थित गर्न सकिएन भने वातावरणमा ठूलो असर पुग्ने देखिन्छ", प्रमुख थापाले भन्नुभयो, "हामीले सबै पालिकालाई सडक निर्माण गर्दा डिपिआर तयार गरेर काम गर्न आग्रह गरेका छौं । गाउँको सुन्दरता, भौगोलिक अवस्था बुझेर मात्रै बाटो खन्न भनेका छौं।"

बागलुङमा राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको करिब एक सय ४२ किलोमिटर खण्ड पर्छ। यस खण्डको अधिकांश भागमा ग्रामीण सडकले असर पुऱ्याएको छ। हिउँदमा निर्माण भएका ग्रामीण सडकबाट बर्खामा भल र लेदोसहित आउने माटोले कालोपत्र भएको लोकमार्गलाई क्षति गर्ने गरेको छ भने सडकभन्दा तलका धेरै बस्ती विस्थापित भएका छन्।

# चोरी नियन्त्रण गर्न थप फोर्स परिचालन

**पोखरापत्र संवाददाता**
गोरखा, २५ जेठ

बढ्दो चोरी नियन्त्रणका लागि गोरखाको बारपाक सुलिकोट गाउँपालिका-४, सौरपानीमा स्थानीय युवासहित प्रहरीको थप फोर्स परिचालन भएको छ।

दिनहुँजसो सौरपानी क्षेत्रमा चोरी डकैतीको शृङ्खलाबद्ध घटना बढ्दै गएपछि जिल्ला प्रसासन कार्यालय गोरखाले प्रहरीको थप फोर्स परिचालन गरेको बारपाक सुलिकोट गाउँपालिकाका अध्यक्ष विष्णुप्रसाद भट्टले जानकारी दिनुभयो। घटनाको अनुसन्धानका लागि जिल्ला प्रशासन कार्यालय गोरखाको विशेष सुरक्षा टोलीसमेत आज सौरपानी पुगेर जनप्रतिनिधि तथा स्थानीयवासीसँग छलफल गरेको उहाँले बताउनुभयो। "चोरी डकैतीबाट सौरपानीवासीको जनधनको सुरक्षाका लागि अहिले सौरपानी प्रहरी चौकीमा प्रहरीको सङ्ख्या बढाएर १० पुऱ्याउने निर्णय भएको छ", अध्यक्ष भट्टले भन्नुभयो, "प्रहरीसँग मिलेर अब स्थानीय युवाले समेत गस्ती गर्नेछन् ।" त्यसबाहेक अन्य तीन ठाउँमा अस्थायीरूपमा प्रहरीको टोली राखेर परिचालन गर्ने निर्णय पनि भएको उहाँले बताउनुभयो । "रन्चोक र खारचोक भन्ज्याङ र भुन्चोकटारमा अस्थायीरूपमा जनताको घरमै बसेर प्रहरीले जनताको सुरक्षा गर्ने व्यवस्था मिलाइएको छ", अध्यक्ष भट्टले भन्नुभयो, "समुदायसँगै प्रहरीले बसेर युवाहरूसँग मिलेर शान्ति सुरक्षाको व्यवस्था मिलाउने छ।"


## विषादीको सुरक्षित प्रयोग सम्बन्धी कृषक महानुभावहरूमा विशेष अनुरोध

★ खेतबारीमा जथाभाबी विषादी प्रयोग नगरौं, आफ्नो र वातावरणको ख्याल गरौं।
★ केटाकेटीलाई विषादीबाट टाढा राखौं साथसाथै विषादीलाई खानेकुरा,जनावरको दाना र चाराबाट छुट्टै स्थानमा राखौं।
★ सकेसम्म जैविक विषदीको मात्र प्रयोग गरौं र रसायनिक विषादी प्रयोग गर्न परेको खण्डमा उक्त विषादीको बारेमा पूर्ण जानकारी लिएर मात्र प्रयोग गरौं।
★ विषादी प्रयोग गर्दा र छर्कदा सुरक्षित पहिरनको (पंजा, मास्क, चश्मा, फुल बाउला भएको सर्ट र पेन्ट, एप्रोन, बुट ईत्यादी ।) प्रयोग गरौं र सम्भावित दुर्धटनाबाट बच्ने उपायबारे सजग रहौं ।(रंग र संकेत) पढौं र बुझौं।
★ जीवनाशक विषादी चलाउँदा खाने, पिउने र धुम्रपान गर्ने नगरौं।
★ जीवनाशक विषादी प्रयोग पश्चात प्रयोगकर्ताले रम्रो संग नुहाइ धुवाइ गर्ने, खाली भाडांको सुरक्षित तवरले नष्ट गर्ने र फल टिप्नको लागि प्रतिक्षा अवधि र पूनः प्रयोग अवधिमा ध्यान दिने गरौं।
★ ध्यान राख्नुहोसः विषादी विष हो, औषधि होईन।

## विषादी कारोबारमा संलग्न महानुभावहरूमा विशेष अनुरोध

★ विषादी ऐन र नियमावली बमोजिम इजाजत पत्र लिएर मात्र विषादीको कारोबार गर्नुहोस्।
★ नियमानुसार इजाजत पत्र/पञ्जिकरण पत्र नवीकरण गर्नुहोस्।
★ कारोबार गर्दा पञ्जिकृत विषादीहरुको मात्र कारोबार गर्नुहोस् ।आफ्नो उद्योगमा संलग्न कर्मचारी वा कामदारहरुलाई आवश्यक प्रशिक्षण दिनुहोस्।
★ विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाले तोकेको मापदण्ड बमोजिम विषादी पसल तथा उद्योग व्यवस्थित गर्नुहोस्।
★ पञ्जिकृत, सुरक्षित र प्रभावकारी विषादीको कारोबारलाई प्राथमिकता दिनुहोस्।
★ विषादीको सुरक्षित तरिकाले परिवहन र भण्डारण गर्नुहोस्।
★ विषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस्/गराउनुहोस्।
★ पञ्जिकृत नभएका र प्रतिबन्धित विषादीबारे जानकारी राख्नुहोस् र त्यस्ता विषादी आयात तथा बिक्री वितरण नगर्नुहोस्।

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल
सम्पर्क नः ०६१-४६७७३२/४६७७३३